वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ४ मितिः २०७९/११/०५

## भाग १

# आर्थिक ऐन, २०७९ (प्रथम संशोधन)

वीरेन्द्रनगर नगरपालिका सुर्खेतको आर्थिक ऐन, २०७९ को प्रथम संशोधन गर्न वाञ्छनीय भएकोले, मिति २०७९।११।०४ गतेको नगरसभाको दोस्रो बैठकले यो ऐनको प्रथम संशोधन स्वीकृत गरेको छ।

## परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम “आर्थिक ऐन,२०७९ (प्रथम संशोधन)” रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागू हुने छ।

## परिच्छेद २

मुल ऐनको निम्न दफाहरुमा देहाय अनुसार संशोधन गरिएको छ।

**दफा ४ :** कृषि प्रयोजनका लागि भाडामा दिएको जग्गाको वहाल कर २ प्रतिशत र वाँकी अन्य प्रयोजनका लागि १० प्रतिशत।

नितान्त आवासीय प्रयोजनका लागि वहालमा दिईएका घरहरुको वहाल कर ५ प्रतिशत।

**दफा ५ संग सम्वन्धित अनुसूची २ को वुँदा नं. ४४ :**

सम्पति मुल्याङ्कन शुल्क ०.०५ प्रतिशत

**दफा १३ संग सम्वन्धित अनुसूची ८ क :**

ओ. जे. टी. / ईन्टर्नसीप शुल्क मासिक ५००।

**दफा २ संग सम्वन्धित अनुसूची १ ग को वुँदा नं. २५ :**

वुँदा नं. २५.१- २५.३ सम्म साविकको व्यवस्था
गाई भैंसी पालन व्यवसाय १० ज्यान सम्म माउ गाई/भैंसी भएको फर्म-१०००।
१० ज्यान भन्दा वढी माउ गाई/भैसी भएको फर्मलाई १५००।
२० ज्यान सम्म भएको वाख्रापालन व्यवसाय-१०००।
२० ज्यान भन्दा माथिको वाख्रापालन व्यवसाय-१५००।
सुंगुर/वंगुर पालन व्यवसाय-२०००।
तरकारी तथा फलफुल फर्म- १०००।
मत्स्यपालन फर्म- १०००।

**दफा २ संग सम्वन्धित अनुसूची १ ग को वुँदा नं. ९**

रिफाईनरी र टच सेन्टर (सनु गाल्ने र सनु जाँच्ने )-७००।

आज्ञाले,
**नरहरी तिवारी**
प्रमुख प्रशासकीय अधिकृत

आर्थिक ऐन, २०७९ (प्रथम संशोधन), मुल्य रू. ५ ।-